# लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण
# आर्थिक बर्ष २०७७/ ०७८

# प्रतिवेदन


**राप्ती गाँउपालिका**

**लुम्बिनी प्रदेश, दाङ**

# Contents


१ पृष्ठभुमि........ 3

२ लैससास परिक्षणको महत्व........ 4

३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको उदेश्य: ........ 5

४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परिक्षणले  समेट्ने क्षेत्रहरु........ 6

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको बिधि र तरिका........ 7

५.१ तयारी चरण........ 8

५.२ कार्यान्वयन चरण ........ 8

६. लैससास परिक्षका सहभागीहरु........ 9

७ लैससास परिक्षका बिश्लेषणका औजारहरु ........ 9

८. लैससास परिक्षणबाट आएका मख्य प्राप्तीहरु........ 9

९. लैङ्गिक समानता तथा सामाजिक सवेशीकरण परिक्षण विधिवाट देखिएका गाँउपालिकाको अवस्था........ 10

९.१ लैससास परिक्षणको मुल बिषयहरुको माकुरो जालो विश्लेषण ........ 11

९.२. लैससास परिक्षणको  सह बिषयहरुको नतिजाको बिश्लेषण........ 13

१०. राप्ती गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सबल पक्ष र सूधार गर्नपर्ने पक्षहरु ........ 16

११. लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना ........ 22

१२. निश्कर्ष ........ 26

१३. सुझावहरु........ 27

## १ पृष्ठभुमि

नेपालको संविधानको प्रस्तावनामानै लैङगिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्दान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यबस्था गरेको छ । महिलाको हक सम्बन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृ:व र प्रजनन् स्वास्थ्य सम्बन्धी, राज्यका सवै सरकारमा सहभागिता हुने अधिकार, सम्पति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदको व्यवस्था गरेको छ। यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरु कानन्ू बमोजिम दण्डनिय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरु सामाजिक र सांकृतिक रुपले पछाडी परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानमा विशषे प्रावधानहरु राखिएको छ । सामाजिक न्यायको हकले तिनै तहका सरकारहरुले समावेशी र समानुपितक प्रतिनिधित्वको सिद्धधान्तका आधारमा नागरिक सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ।

स्थानीय सरकार संचालन ऐन २०७४ मा लैङ्गिक समानता तथा सामजिक समाबेशिकरण (लैससास) सम्बन्धी ब्यवस्था प्रस्तावनामानै उल्लेख गरिएको छ। यसका अलवा दफा ११ को गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा २ (त) मा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यावस्थापनको जिम्मेवारी अन्तरगत बिभिन्न कार्यक्रमहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानिय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको निति, लक्ष्य, उदेश्य समयसिमा र प्रकृयासँग अनुकुल हुनेगरी सुशासन, वाताबरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकुल , विपत् व्यावस्थापन, लैङ्गिक तथा सामाजिक समाबेशीकरण अन्तरसम्बन्धित बिषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ। यसैगरि सोही दफाको उपदफा (३) गाँउपालिका तथा नगरपालिकाले आफ्ना योजना, निति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका बर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिबृद्दि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ।

संयुक्त राष्ट्रसंघको साधरण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ। दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वातन्त्रता, समानताका साथै भोक, गरिबिको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ। यसका साथै यि लक्ष्यहरुले गरिबिको रेखामुनि रहेका बालबालिका, किशोरकिशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनीक अल्पसंख्यक, पिछाडी पारिएका समुदाय जस्तै, दलित, जनजाती, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उदेश्य राखेको छ। चरम गरिबिको अन्त्य गर्न, असमानता हटाउन, विभेदसंग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगती गर्नका लागि केहि पनि पछाडी नछुट्ने भन्ने मुख्य सिद्दान्तलाई दिगो बिकास लक्ष्यहरुले अंगिकार गरेको छ। पन्ध्रौ योजना (आर्थिक बर्ष २०७६/०७७- २०८०/०८१ को आधारपत्रमा क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण ख) बालबालिका तथा किशोरकिशोरी ग) जेष्ठ नागरिक घ) अपाङ्गता भएका व्यक्ति ङ) सामाजिक सुरक्षा तथा संरक्षण च) समावेशिकरण लगायतका विषयहरुलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ।

यसै सन्दर्भमा संविधानको मर्म र भाबना अनुरूप, राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन, लक्ष्य तथा प्रतिबद्दताहरुलाई स्थानियकरण गरि स्थानिय सरकारले नीति, कानुन, योजना कार्यक्रमलाई लैससास संवेदनशील तथा उत्तरदायी बनाउने महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको सशक्तिकरण र अर्थपुर्ण सहभागिता सुनिश्चित गर्नु पर्नेछ। साथै विकास प्रकृयामा लैससास का मुद्दाहरुलाई समावेशी गर्ने र विकासका कार्यक्रमको लाभ प्राप्तिमा समतामुलक तथा न्यायोचित अवसर सुनिश्चित गराउनका लागि समेत राप्ती गाँउपालिकाले नीति, निर्देशीका तथा कार्यविधी निर्माण, योजना तर्जुमा बजेट बिनियोजन तथा कार्यान्वयन र अनुगमन प्रणालीको लैससास दृष्टिकोणबाट विश्लेषण गरी मार्गनिर्देशन गर्नुपर्ने हुन्छ। लैंङ्गिक बिभेदको अन्त्य गरि आर्थिक समानता, समृद्दि र सामाजिक न्याय सुनिश्चित गर्ने तथा समानुपातिक, समावेशी तथा सहभागितामूलक सिद्दान्तमा आधारित समतामूलक सामाजको निर्माण गर्नको लागि स्थानीय निकायले आ आफ्नो निति तथा कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट तथा लै स सा स परीक्षण प्रणालीलाई आन्तरिकरण गर्नु अपरिहार्य रहेकोले राप्ती गाँउपालिकाको लैससास परिक्षण गरेको छ।

## २ लैससास परिक्षणको महत्व

समानुपातिक समावेशीताका आधारमा राज्यका सबै संरचनाका महिला, बालबलिका, दलित, आदिवासी, जनजाति मधेशी, मजदुरू , किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग सबैलाई सहभागी गराउन संवैधानिक व्यवस्था गरिएको परिदृश्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरुमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गर्नु आवश्यक देखिन्छ।

नेपाल सरकारले लैससास मुद्दाहरुलाई नीतिगत तथा कानुनी सुधार गर्दै अग्रता दिईरहेको सन्दर्भमा राप्ती गाँउपालिकाले समेत यस विषयलाई प्राथमिकतामा राख्नु पर्दछ। गाँपालिकाले लैससासको अवधारणलाई आफ्ना नीति, योजना तथा कार्यक्रम र बजेटमा मुलप्रबाहीकरण गर्नुपर्ने देखिएको छ। यसको सुनिश्चितताका लागी गाँउपालिकाले निरन्तर रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण गर्नु पर्दछ।

लै.स.सा.स परीक्षण प्रकृया आफैमा एउटा सहभागितामुलक स्व-मुल्याङ्कन भएकोले कर्मचारी तथा पदाधिकारीहरूको व्याक्तिगत तथा संस्थागत कृयाकलापहरूलाई लै.स.सा.स को क्षेत्रमा काम गर्न उत्साह जगाँउछ। साथै यस प्रकृयामा संलग्न कर्मचारीहरूलाई लैंङ्गिक पक्षमा उत्तरदायी हुने तर्फ पनि उन्मुख गराउँदछ। यस प्रकृयाले स्थानीय तहको लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्वको भाबना जर्गेना गर्न पनि सघाउ पु-याउदछ। परिक्षणद्धारा कार्यक्रम तथा बजेटको विश्लेषण गरी आगामी बर्षको कार्यक्रम तथा बजेटलाई लै.स.सा.स को दृष्टिकोणबाट तय गर्न तथा बजेट छुट्टयाउन समेत मद्धत पु¥याउँदछ।

## ३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको उदेश्य:

लैगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परिक्षणको मुख्य उदेश्य लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलाकृत रुपमा स्थानीयकरण गरि गाँउपालिकाले गर्ने सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक स्रोतको सुनिश्चित, समतामुलक वितरण तथा उपयोगि बनाउने रहेको छ। यसका बिस्तारित उद्देश्यहरु यस प्रकार रहेका छन् ।

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुलाई समाबेशी गरि, लैङगिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

ख) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

ग) स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

## ४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परिक्षणले समेट्ने क्षेत्रहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण कार्यबिधि २०७८ ले समेटेका निम्नअनुसारका पाँचवटा मुल बिषय तथा २२ वटा सह-बिषयहरा केन्द्रित रही राप्ती गाँउपालिकाको लैससास परिक्षण गरिएको थियो।

१. नीतिङ कानुन, योजना

१.१ नीति कानुनमा समाबेशिता, सहभागिता

१.२ योजना तर्जुमा तथा कार्यान्वयन

१.३ बजेट तर्जुमा तथा कार्यान्वयन

२. संस्थातग व्यवस्था

२.१ कर्मचारी पदाधीकारी प्रतिनिधीत्व

२.२ कार्यप्रणाली समाबेशी

२.३ समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व

२.४ वित्त व्यवस्थापन प्रणालीमा समावेशीता

२.५ तथ्याङ्क संकलन तथा व्यवस्थापन

३. मानव संसाधन तथा क्षमता विकास

३.१ मानव संसाधन तथा क्षमता विकास

३.२ अनौपचारीक मुल्य, मान्यता र कुसंस्कार विरुद्द जनचेतना

३.३ कानुनी साक्षरता

३.४ विपत् व्यवस्थापनमा समावेशिता

४. सेवा प्रवाह

४.१ पुर्वाधार विकास

४.२ प्रजनन् स्वास्थ्य

४.३ शिक्षा कार्यक्रम

४.४ खानेपानी तथा सरसफाई

४.५ स्वारोजगार तथा आय आर्जन र बजार व्यवस्थापन

५. सुशासन तथा उत्तरदायीत्व

५.१ सुशासन

५.२ उत्तरदायीत्व र जवाफदेहिता

५.३ सुचना तथा संचार

५.४ अनुगमन तथा मुल्याङ्कन

५.५ समवन्य र सम्बन्ध बिस्तार

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको बिधि र तरिका

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दुई चरणमा विभाजन गरी देहाय अनुसार सम्पन्न गरियो।**

## ५.१ तयारी चरण

● लैससास कायान्वयन समितिको गठन गरि उक्त समितिको बैठक वसि लैससास परिक्षणको लागि गाँउपालिकाको उपाध्यक्षको संयोजकत्वमा, कार्यपालिकाको सस्दयहरु, प्रशासन शाखाको प्रतिनिधि तथा महिला बिकास शाखा प्रमुख गरि जम्मा ५ सदस्यीय लैससास परिक्षण कार्यदल गठन गरिएको थियो। त्यही कार्यदलको निर्णय अनुसार लैससास कार्यशाला गोष्ठी संचालनको लागी मिति स्थान, समय, अबधि तोकिएको र सहभागीहरु छनोट गरियो।

● कार्यदलले गाँउपालिकाको दस्तावेजहरु (जस्तै वार्षिक निति तथा कार्यक्रम, योजना, आवाधिक योजना,वार्षीक प्रगती प्रतिवेदन,, आर्थिक प्रतिवेदन, चौमासीक वार्षीक समिक्षाको प्रतिवेदन, विकास वुलेटिन, गाँउ प्रोफाईल, बिभिन्न समयमा भएका निर्णयहरुको लैससास दृष्टिकोणले विश्लेषण र पुनरावलोकन गरियो। साथै लैससास परिक्षणको लागि आबश्यक पर्ने सामाग्रिहरुको तयारी गरिएको थियो।

## ५.२ कार्यान्वयन चरण

- लैससास परीक्षण कार्य नितान्त संस्थाको स्व–लेखाजोखा कार्यक्रम भएको हुनाले संस्थाका सम्पूर्ण कर्मचारी, पदाधिकारीहरु र सम्बन्धित सरोकारवालाहरुलाई लैससास को अवधारण र लैससास परिक्षणको महत्व बारे प्रष्ट गरियो।
- लैससास परिक्षणमा सबै सहभागिलाई ५ वडा समुहमा बिभाजन गरि प्रत्यक समुहलाई एउटा एउटा मुल शिर्षकमा गहन छलफल गर्न लगाई प्राप्त नतिजालाई पुन ठुलो समुहमा छलफल गराई अंक भार निर्धारण गरियो
- गाँउपालिकाको संस्थागत लेखाजोखा गर्दा नीति, कानुन र योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायीत्व गरि मुख्य ५ वटा मुल बिषयको २२ वटा सहायक विषयको १०० वटा सूचकहरुका आधारमा गरिएको थियो | छलफलक आधारमा उक्त वंदामा राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नु पर्ने देखिएमा वा सो बिषय कुनै काम नै हुँदै नभएमा ० अंकहरु प्रदान गरिएको थियो।
- अन्तमा ५ वटा मुल शीर्षकहरु र वटा सहायक शिर्षकहरुमा प्राप्त अंकहरुलाई माकुरी जालो बिधि र स्तम्भ चित्र बिधि बाट प्रस्तुत गरिएको थियो। सो चित्रले देखाएका राम्रा पक्षलाई निरन्तरता दिदै, कमजोर पक्षहरुलाई सुधार गर्दै आगामी दिनमा गाँपालिकाले ति क्षेत्रहरुलाई प्राथमिकतामा राखि कार्यक्रमहरु गर्नको लागि लैससास विकासका लागि एकिकृत कार्य योजना बनाईएको थियो।

## ६. लैससास परिक्षका सहभागीहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण नितान्त आन्तरीक स्व- लेखाजोखा कार्यक्रम भएकोले, राप्ती गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वडा अध्यक्षहरु साथै अन्य पदाधिकारीहरु र सम्पुर्ण बिषयगत शाखाको प्रमुख तथा प्रतिनिधीहरुको उपस्थितिमा गोष्ठी संचालन भएको थियो।

## ७ लैससास परिक्षका बिश्लेषणका औजारहरु

यस राप्ती गाँउपालिकाको लैससास परिक्षणका सहभागिहरुले प्रत्यक मुल शिर्षकमा प्राप्त अंकलाई माकुरोको जालो बिधि बाट र भेन डायग्राम बिधिबाट बिश्लेषण गरियो। त्यसै गरि पाँचबटा मुल शिर्षक भित्रका २२ वटा सह बिषयहरुलाई पनि पुन त्यसै गरि माकुरोको जालो बिधि २ र भेनडायग्राम बिधि बाट बिश्लेशण गरि सुचकबाट प्राप्त नतिजाको अधारमा सबै मुल बिषयको सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर तथा चुनौतीहरु तालिका बनाई सबै सहभागिहरुले मनन् गरियो। पदाधिकारी तथा कर्मचारी सबैको उपस्थितिमा सुधार गर्नु पर्ने सुझावको आधारमा एकिकृत कार्ययोजना तयार गरियो।

## ८. लैससास परिक्षणबाट आएका मख्य प्राप्तीहरु

लैङगिक समानता तथा सामाजिक समाबेशिकरण परिक्षण गरिसके पछि गाँउपालिका मार्फत सञ्चालन भइरहेको विभिन्न क्रियाकलापहरुमा लैङ्गिक संवेदनशिलताको अभ्यासको अध्ययन तथा पृष्ठपोषण प्राप्त भएको छ। गाँउपालिकाले अवलम्बन गरेको लैससास निति तथा कार्यक्रमगरुको अन्तराल विश्लेषण गरि नयाँ कार्यक्रमहरुको सहितको कार्य योजना तयार गरिएको थियो। आगामी दिनमा गाँउपालिकालाई लैङगिक समानता तथा सामाजिक समाबेशिकरणमैत्री बनाई थप सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्नेका लागि कार्य योजना निर्माण गर्न पनि परिक्षणले मार्ग प्रशस्त गरेको छ। मुख्यतया लैससास परिक्षण पश्चात निम्मानुसार उपलब्धीहरु तथा प्राप्तिहरु पहिचान भएका छन।

- कर्मचारी तथा पदाधीकारिहरु बिच लैससासको अवधारणा र बुझाईमा एकरुपता आएको छ।
- महिला तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेको समुदायहरु लक्षित गरी केहि कार्यबिधिहरु पनि बनेका छन् । गाँउपालिकाबाट निर्माण हुने निति, कानुन, निर्देशिकालाई लैससास मैत्री बनाउने र विध्यमान कानुनहरुमा पुनरावलोकन गरि सुधार गर्नुपर्ने।

- गाँउपालिकाले संचालन गर्ने क्षामता विकासका कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङगिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका व्याक्ति र समुहलाई विशेष प्राथमिकता राखेर  लक्षित कार्यक्रमलाई भनेर बजेट बिनियोजन गदै आएको छ।
- गाँउपालिकाले सेवा सुविधामा पहँच  नभएका समुदायहरुका लागि बिषेश सहुलयताको कार्यक्रम संचालन गर्ने गरेको छ। र  केहि  स्थानमा  बालबलिका,  जेष्ठनागरिक,  महिला  र  अपाङगतामैत्री  भौतिक  संरचनागरु सार्वजनिक स्थलमा निर्माण भएका छन
- यस पालिकाले नागरीक तथा सामाजिक जवाफदेहिताको लागि केहि राम्रो अभ्यास गरेको छ जस्तै ,  सार्बजनिक सुनुवाई,  सार्वजनिक परिक्षण,  LISA, नागरिक वडा पत्र ,  सुचनापाटी आदि गर्ने गरेको।
- यस पालिकाले website निर्माण गरी बिभिन्न सुचनाहरु बार्षिक निति,  कार्यक्रम  तथा बजेट,  आय,  पाश्र्वचित्र,  जोखिम  नक्साङन,  आवाधिक  तथा  रणनीतिक  योजनाहरु,  पञ्जीकरणको  तथ्याङ्क सामाजिक  सुरक्षा  भत्ताको  विवरण  तथा  सूचनाहरु  आदि  सार्वजनिकरण  गर्ने  गरेको  छ।
- लैङ्गिक हिंसाका घटनाहरुमा महिलाहरुले न्याय पाउन थालेका छन् / हिंसाका घटनाको आवाज उठ्न थालेका छन् ,  त्यस्तै गाँउपालाकको न्यायीक समितिले महिला हिंसा न्यनिकरणको लागि महत्वपुर्ण योगदान पुर्याएको पाईन्छ।

## ९. लैङ्गिक समानता तथा सामाजिक सवेशीकरण परिक्षण विधिवाट देखिएका गाँउपालिकाको अवस्था


राप्ती गाँउपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गरिसके पछि प्रमुख ५ वटा मुल शिर्षकका सय वटा सुचकहरुले प्राप्त गरेको अंकलाई विश्लेषण गरि छलफल गरिएको थियो। जम्मा १०० अंकभार रहेको सुचकहारुमा गाँउपालिकाले   ६३.५ अंक  हासिल गरेको छ। परिक्षण पश्चात सुचकहरुले प्राप्त गरेको अंकलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| मुल बिषय | पुर्णाङ्क | सुचकहरुमा प्राप्ताङ्क | कुल प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|


| | | | | |
|---|---|---|---|---|
| निति कानुन तथा योजना | २० | ०,०,१,०,०.५,१,१,०,१,०.५,०.५,०.५,<br>०,०,०.५,१,०,१,०,०.५ | ९ | ४५% |
| संस्थागत व्यवस्था | २० | ०,५, ०.५, ०.५, ०.५, १, ०.५, ०.५, ०.५<br>१, ०.५, ०.५, ०.५, ०, १, ०,१<br>१,०.५, ०.५, १ | १२ | ६०% |
| मानव संसाधन तथा क्षमता विकास | २० | १, १, १, ०.५, ०.५, १, १, ०.५, १, ०,<br>१, १, ०.५, ०.५, १, १, ०.५, ०, ०.५, ० | १३.५ | ६७.५% |
| सेवा प्रवाह | २० | १, १, १, ०.५, १, ०, ०.५,०, १,१,१,<br>०.५, १, १, ०.५, १, १ ०.५, ०.५, ० | १४ | ७०% |
| सुशासन तथा उत्तरदायीत्व | २० | १, ०.५, १, ०.५, १, ०.५, ०, १<br>१, १, १, ०.५, १, ०.५, १, ०.५ १, १,<br>१, ० | १५ | ७५% |
| जम्मा | १०० | ६३.५ | ६३.५ | ६३.५% |

## ९.१ लैससास परिक्षणको मुल बिषयहरुको माकुरो जालो विश्लेषण

माकुरोको जालो बिधि १





**लैससास परिक्षणको नतिजा स्तम्भ चित्र प्रस्तुती**





## ९.२. लैससास परिक्षणको सह बिषयहरुको नतिजाको बिश्लेषण

**माकुरो जालो बिधि २**


निति तथा कानुनमा...
योजना तर्जुना तथा...
बजेट तर्जुमा तथा...
कर्मचारी पदाधिकारी...
कार्य प्रणालीमा...
समिति, उपसमिति...
वित्त व्यावस्थापन...
तथ्यांक संकलन तथा...
मानव संशाधन तथा...
अनौपचारीक मुल्य...
कानुनी साक्षरता
विपत व्यावस्थापन
पुर्बधार बिकास
प्रजनन् स्वास्थ्य
शिक्षा
खानेपानी तथा...
स्वरोजगार,...
सुशासन
उत्तरदायित्व तथा...
सुचना तथा संचार
अनुगमन तथा...
समन्वय तथा...
पुर्णङ्क
प्राप्ताअंक

**स्तम्भ चित्र बिधि २**


९
८
७
६
५
४
३
२
१
०
३.५
४.०
१.५
१.५
२.०
२.५
२.५
३.०
६.५
३.०
३.०
१.०
३.५
१.५
३.५
३.५
२.०
३.०
२.५
३.५
३.०
३.०
निति तथा कानुनमा समावेशिता
योजना तर्जुमा तथा कार्यन्यन
बजेट तर्जुमा तथा कार्यन्यन
कर्मचारी पदाधिकारी प्रतिनिधित्व
कार्य प्रणालीमा समावेशिता
समिति, उपसमिति तथा...
वित्त व्यावस्थापन प्रणालीमा...
तथ्यांक संकलन तथा व्यावस्थापन
मानव संशाधन तथा क्षमता विकास
अनौपचारीक मूल्य मान्यता
कानुनी साक्षरता
विपत व्यावस्थापन
पुर्बधार विकास
प्रजनन स्वास्थ्य
शिक्षा
खानेपानी तथा सरसफाई
स्वरोजगार, आयआर्जन तथा बजार...
सुशासन
उत्तरदायित्व तथा जवाफदेहिता
सूचना तथा संचार
अनुगमन तथा मूल्याङकन
समन्वय र सम्बन्ध बिस्तार
पुर्णङ्क
प्राप्ताअंक

## १०. राप्ती गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सबल पक्ष र सूधार गर्नपर्ने पक्षहरु

| मूल शोर्षक | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौति |
|---|---|---|---|---|
| नीति, कानून, योजना | ➢ पालिकाको निति तथा कानुनको मस्यौदाको बिषयबस्तु र शब्द चयन समाबेशी र सहभागितामुलक गुने गरेको<br>➢ महिला र पुरूषमाश्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहेको<br>➢ पालिकाले महिला तथा बन्चितिकरणमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाएको छ।<br>➢ पालिकाको बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारणगर्दा महिला, बालबालिका, तथा बञ्चितीकरणमा परेको समुदायलाई फाइदा पुग्ने गरि केहि प्रतिशत बजेट छुट्याउने गरेको<br>➢ बजेट तर्जुमा गर्दा टोल वस्तीमा गएर छलफल गरि योजना तर्जुमा गर्ने गरेको<br>➢ उपभोक्ता समितिहरुमा लक्षित समुहका | ➢ सबै निति, कानुन तथा मस्यैदा तयार गर्दा लैससास दृष्टिकोणवाट बिस्लेशण गरिनु पर्ने<br>➢ स्थानीय सरकारको निति र योजनमा लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण विकास( कुराहरु समाबेश गरिनु पर्ने<br>➢ पालिकाको लैससास नीति तर्जुमा गरि कार्यान्वयन गरिनु पर्ने<br>➢ पालिकाले योजना तर्जुमाको चरणमा महिला तथा बञ्चितिकरणमा परेका समुदायसंग छुट्ट छुट्ठै छलफल गरि उनिहरुको व्यावहारि तथा | ● गाँउपालिकालाई आबश्यकता अनुसार संघिय कानुन संग नबाझिने गरि निति, निर्देशिका तथा कार्यबिधि निर्माण गर्न पाउने अधिकार रहेको<br>● बजेट सिमा निर्धारण समितिलाई लैससासको क्षेत्रमा आबश्यता अनुसारको बजेट बिनियोन गर्ने सक्ने अधिकार हुनु | ▪ निति, निर्देशिका तथा कार्यबिधिहरु प्रभावकारी कार्यन्वयन गर्नु<br>▪ दक्ष जनशक्ती तथा स्रोतको अभाव |

| | | | | |
|---|---|---|---|---|
| | प्रतिनिधि सहित कम्तिमा ३३% महिलाहरूको सहभागिता भएको साथै मुख्य कार्यकारी पदमध्ये कुनै एकमा जिम्मेवारी पद महिलालाई दिईएको | रणनितिक आवश्यकता पहिचान गरेका योजना तर्जुमा गरिनु पर्ने<br>➢ दिगो विकासका लक्ष्यलाई स्थानियकरण गरि कार्यक्रमको तर्जुमा तथा लैससास सम्बन्धी कर्मचारी तथा पदाधीकारीको क्षामता बिकाग गर्नु पर्ने<br>➢ लैङ्गिक उत्तरदायी बजेट बिनियोज गर्ने कार्यबिधि निर्माण गर्ने र प्रत्यक आर्थिक बर्षमा लैससास परिक्षण गर्नु पर्ने | | |
| संस्थागत व्यवस्था | ● पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहेको<br>● गाँउपालीकामा कर्मचारी पदपुर्ति गर्दा सबै जातजाती, बर्ग, लिङग र समुदायको प्रतिनिधित्व हुनगरि समाबेशी अबधारणको लागु गर्न सुरु गरिएको।<br>● गाउँपालीकाले गठन गर्ने समिति, उपसमिति तथा कार्यदलमा महिला तथा बञ्चितिकरणमा परेका समुदायको समाबेशी प्रतिनिधित्व तथा निर्णक तहमा | ▪ गाँउपालिकामा लैङ्गिक विकास शाखाको व्यावस्था तथा कार्यलयमा हुने दुर्व्यवहारको नियन्त्रणको लागि सुनुवाई ईकाई साथै आचार संहिता बनाएर लागु गर्नुपर्ने<br>▪ समिति, उपसमिति तथा कार्यदलमा प्रतिनिधीत्व गर्ने महिला तथा लक्षित वर्गको क्षामता बिकास गर्नुपर्ने<br>▪ पालिकाले आफ्नो क्षेत्रमा समुदायस्तरका(लिङ्ग, उमेर, | ▪ स्थानिय तहमा स्थानिय कर्मचारी भएको हुदाँ समुदायको भाषा संस्कृति बुझ्ने हुदाँ काम गर्न सहजता<br>▪ महिला तथा लक्षित समुदायका पदाधिकारी तथा कर्मचारीहरुको क्षामता अविबृद्दिका लागि निर्दिष्ट कार्यक्रमहरुको लागि बजेट विनियोजन तथा समान सहभागिताको सुनिच्छित | ▪ दक्ष जनशक्ति तथा स्रोतको अभाव<br>▪ महिला तथा लक्षित वर्गको सशक्तीकरण |

| | | | | |
|---|---|---|---|---|
| | समान तथा अर्थपुर्ण सहभागिता हुने गरेको<br>● गाँउपालिकाले आफ्नो पाश्चित्रमा आधारीत खण्डकृत तंथ्याङ्क र सुचनालाई आधार मानि विकास योजना तर्जुमा गर्ने गरेको<br>● पालिकाले आफ्नो क्षेत्रका सामाजिक सुरक्षा पाउनेहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथातथ्याँक अध्यावधिक गर्ने गरेको। | जात, र आर्थिक स्थिति आदि) समावेश भएको समावेशी खण्डिकृत सूचना, तथ्याँकको संकलन तथा अध्यावधिकन गर्नु पर्ने<br>▪ गाँउपालिकाले महिला विकास, लैङ्गिक हिंसा बिरूद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा प्रयाप्त स्रोत व्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना गर्नु पर्ने<br>▪ कार्यलयमा हुनसक्ने हिंसाको सुनुवाईको लागि लैङ्गिक डेस्कको विकास र आवश्यक मानवीय श्रोतहरुका लागि वजेटको व्यवस्था गरिनु पर्ने | | |
| मानव संसाधन तथाक्षमता विकास | ➢ कर्मचारी तथा पदधीकारीहरुको लैससास सम्बन्धी क्षामता विकासका कार्यक्रमहरु गर्ने गरेको<br>▪ महिला विरोद्द हुने हिंसा तथा सामाजिक | ➢ लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्य योजना तयार गरि छुट्टै शिर्षकमा बजेट | ▪ स्थानिय सरकारले महिला बिरुद्द हुने सबै खालको हिंसा न्युनिकरण गर्ने कार्यक्रमहरु संचालन गर्नु र | ▪ स्थानीयसरकारमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वियन गर्न सक्ने यथेष्ट मानवीय श्रोतको व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| | कुसस्कारका बारे  पदाधिकारी तथा कर्मचारीहरु सचेत भई हिंसा निर्मुल पार्नको लागि समय समयमा जनचेतनामुलक कार्यक्रमहरु हुने गरेका<br>▪ गाँउपालिकामा महिला तथा लक्षित वर्गलाई लक्षित गरि लोक सेवा कक्षा संचालन गरिएको<br>▪ गाँउपालिकामा विपत् व्यावस्थापनको लागि विपद कोष व्यावस्थापन कार्यबिधि निर्माण गरि कार्यन्यन गरिएको साथै विपत व्यावस्थापन सम्बन्धि कार्यक्रम गर्दा समुदायको सबै वर्गको प्रतिनिधित्व हुने गरि गर्ने गरेको | विनियोजन  गरिनु पर्ने<br>▪ गाँउपालिका कार्यलयमा मानव संशाधन विकास शाखाको व्यावस्था गर्नुपर्ने<br>▪ पालिकामा लैससास सम्बन्धी तालिम संचालन तथा कार्यक्रम कार्यान्वयन गर्न सक्ने यथेष्ट जनशक्तिको व्यस्था मिलाउनु पर्ने<br>▪ लैससास सम्बन्धि अभिमुखिकण गरि कर्मचारी तथा पदाधिकारीहरु लैससास को बारे सचेत गर्नुपर्न<br>▪ महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधिहरू र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान,  स्थानीय सरकार सञ्चालन ऐन,  कर्मचारी समायोजन ऐन,  मुलुकी संहिताहरू,  बिषयगत कानूनहरू,  पालिकाले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण | त्यसको लागि उचित वजेटको व्यवस्था रहेको<br>▪ लैससास सम्बन्धी पदाधिकारी तथा कर्मचारी सचेत हुनु | ▪ सामाजिक बिभेद तथा कुरितिहरु निर्मुल पार्न |

| | | | | |
|---|---|---|---|---|
| | | कानूनहरूको बारेमा अभिमुखीकरण गरिनु पर्ने | | |
| सेवा प्रवाह | ▪ गाँउपालिका भित्र निर्मित भौतीक संरचनाहरु ड्रइङ, डिजायन गर्दा अपाङगता, वाल, महिला मैत्री हुनु पर्ने प्राबधान सहित भवन तथा संरचना निर्माण निर्देशिका कार्यन्वयनमा ल्याएको<br>▪ महिलाको प्रजनन् स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरु संचालनमा रहनु<br>▪ शिक्षा खानेपानी तथा सरसफाई र पुर्वधार विकासको लागि उचित वजेटको व्यावस्था भएको<br>▪ गाँउपालिकाले योजना तर्जुमा गर्दा वेरोजगार युवा , गरिव परिवार, महिला तथा पिछडिएका समुदायको आर्थिक सशक्तिकरणको लागि केहि मात्रामा स्वारोजगार, आय मुलक र सिपमुलक कार्यक्रमको व्यावस्था गर्ने गरेको | ▪ प्रजनन् स्वास्थ्य सम्बन्धी निति बनाई प्रभाकारी रुपमा कार्यन्वयनमा ल्याउनु पर्ने<br>▪ कार्यलयमा स्तनपान कक्षको व्यवस्था गर्नुपर्ने<br>▪ महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट को व्यावस्था गर्ने<br>▪ अशिक्षित महिलाहरुको लागि शिक्षा सम्बन्धी बिशेष कार्यक्रमहरु संचालन गर्नुपर्ने जस्तै गृहणी शिक्षा, किशोरी कक्षा आदी।<br>▪ महिला, बालबालिका, अपाङ्गता भएका व्याक्ति दलित, विपन्न, आदीवासी जनजाती, लोपोउन्खुख वर्गको अध्यायनमा आधारीत | ▪ गाँउपालिका भित्रका सबै कार्यलयहरुमा सक्षम र सकरात्मक सोच भएका कर्मचारी रहेको हुदाँ सबै विषयगत शाखा बाट सेवाग्राही मैत्रि सेवा प्रवाह हुने | ▪ स्रोत साधन, अवसर र लाभमा पछाडि परेका सबै वर्ग, क्षेत्र र जातजातिको समन्यायिक पहुँच सुनिश्चित गर्न,<br>▪ समुदायहरु तथा वर्गबीच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु, |

| | | | | |
|---|---|---|---|---|
| | ▪ पालिकालेल  आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरणमा परेका समूदायकासबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउन छात्रबृत्तिको व्यवस्था गरी सबैलाई गुणस्तरीय शिक्डामा पहूँच पुगेको | विकासमा जोड दिनुपर्ने<br>▪ सरसफाई तथा फोहोर व्यावस्थापन सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्नु पर्ने<br>▪ बिपन्न परिवारको बहुलियता रहेको टोलको पहिचान गरि सुपथ मुल्य पसल संचालन गर्नुपर्ने | | |
| सुशासन तथा उत्तरदायित्व | ▪ स्थानीय तहले प्रवाह गरेको सम्पुर्ण कार्य कार्यपालिका तथा सभाले निति नियमबाट पारीत गर्ने गरेको<br>▪ गाँउपालिकाले पार्दशिता र जवाफदेहिताको लागि नियमित रुपमा कार्यक्रमको सार्वजनीक परिक्षण, सामाजिक परिक्षण, सार्वजनीक सुनुवाई, पत्रकार भेटघाट र स्थानीय संचार माध्यम द्दारा सुचनाको प्रदान गरिएको<br>▪ स्थानिय तह, संध र प्रदेश सरकारले तय गरेको निति, कानुन तथा | ▪ स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता प्रभावकारी रुममा कार्यान्वियनमा ल्याउनु पर्ने<br>▪ महिला तथा पिछडिएका वर्गका लागि विभिन्न कार्यक्रमहरु लागु गरिएको तथा उक्त कार्यक्रमवाट सरिकारवाला पगेको लाभ असर र प्रभावको उचित विश्लेषण गर्नु पर्ने<br>▪ गाँउपालिकाले संचालन गरेका योजना, तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्याङकन् गर्दा | ▪ स्थानिय तह, संध र प्रदेश सरकारले तय गरेको निति, कानुन तथा कार्यक्रमहरु कार्यन्यन, सहकार्य र समन्नय हुनु<br>▪ लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरू बीच सञ्जाललिकरण र सहकार्य हुनु | ▪ भ्रष्टचार तथा बिधिको शासन सम्बन्धी निति नियमको प्रभावकारी रुपमा कार्यन्वयन हुन<br>▪ लैससास मैत्री शासन व्यस्था प्रवर्द्दन गर्न |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रमहरु कार्यन्यन, सहकार्य र समन्नय गर्ने गरेको<br>▪ लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरू बीच सञ्जाललिकरण गरि लैससास क्षेत्रको बिकासको लागि कार्यक्रमहरु गर्ने गरेको। | लै.स.सा.स दृष्टिकोणवाट विश्लेषण गर्ने अनुगमन तथा मुल्याङकन् मापदणड तयार गर्नु पर्ने<br>▪ महिला बिरुद्द हुने सबै प्रकारका भेदभाव तथा सामाजिक कुसंस्कार उल्मुलनको लागि तयार भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय निति, महासन्धि कार्य योजना तथा घोषण पत्रको बारे गाँउपालीकाका पदाधिकारी तथा कर्मचारी सचेतीकरण गर्नुपर्ने। | | |

## ११. लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना

| मूल शिर्षक | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने। नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| **पूर्णाङ्क** | **प्राप्ताङ्क** | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| नीति, कानून र योजना २० | ९ | १ निर्माण भएका निति कानुन तथा योजनाको लैससास दृष्टिकोणले बिश्लेषण गर्ने र अब भन्ने निति, निर्देशिका तथा कार्यविधिलाई लैससास मैत्री बनाउन सुझाव दिन कार्यटोली निर्माण गर्ने | लैससास कार्यन्वयन समिति | कार्यपालिका | लैससास कार्यन्वयन समिति | आगामी आ.ब ०७९-०८० बाट सुरु | | नपर्ने |
| | | २ योजना तर्जुमा तथा बजेट तर्जुमा प्रकृयामा महिला तथा लक्षित बर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चिताको लागि रणनिति बनाउने | योजना वुकास शाखा | कार्पपालिका | योजना विकास शाखा | आगामी आ.ब ०७९-०८० बाट सुरु | | नपर्ने |
| | | ३. लैङ्गिक उत्तरदायी बजेट बिनियोज गर्ने कार्यबिधि निर्माण गर्ने र प्रत्यक आर्थिक बर्षमा लैससास परिक्षण गर्नु | महिला बिकास शाखा | कार्यपालिका | महिला विकास शाखा | पहिलो चौमासिक ०७९ | पर्ने | |
| | | ४. योजना तर्जुमा गर्दा महिला तथा लक्षित समुहको छुट्टा छुटै अवस्था विश्लेषण गरी आबस्यकता पहिचान गरि कार्यक्रम छनोट गर्ने | योजना विकास शाखा | कार्यपालिका | वडा समिती | आगामी आ.ब ०७९-०८० बाट सुरु | | नपर्ने |
| | | ५. दिगो विकास लक्ष्य सम्बन्धी कर्मचारी तथा पदाधिकारीहरु लाई अभिमुखिकरण गर्ने | महिला विकास शाखा | कार्यपालिका | महिला विकास शाखा | दोस्रो चौमासीक ०७९-०८० | | नपर्ने |
| संस्थागत व्यवस्था २० | १२ | कर्मचारीको पदपुर्ति गर्दा महिला तथा लक्षित बर्गको समानुपातिक प्रतिनिधित्व हुने गरि लैससास मैत्री कर्मचारी भर्ना निर्देशिका बनाउने | प्र. प्र. अ | कार्यपालिका | कर्मचारी भर्ना शाखा | बैशाक सम्म | | नपर्ने |
| | | २. कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव महिलाहिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गर्ने | महिला बिकास शाखा | कार्यपालिका | गाँ प सबै | असार मशान्त सम्म २०७८ | | नपर्ने |
| | | ३. गाँउपालिकामा लैससास फोकल व्यक्ति तोक्ने | महिला विकास शाखा | कार्यपालिका | महिला विकास शाखा | असार मशान्त सम्म २०७८ | | नपर्ने |
| | | ४. दलित तथा लक्षित समुहका महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि कार्यक्रम गर्ने | महिला बिकास शाखा | कार्यपालिका | महिला विकास शाखा | आ.ब २०७९-०८० | | नपर्ने |
| | | ५. समिति उपसमिति तथा कार्यदलमा समाबेश महिला तथा लक्षित वर्गको क्षमता बिकास गर्ने कार्यक्रम गर्ने | महिला विकास शाखा | कार्पालिका | महिला विकास शाखा | | | |
| | | ६. महिला, बालबालिका लगायत अन्य लक्षित बर्ग र समुदायको आधारभूत खण्डिकृत | महिला विकास शाखा | कार्पालिका | वडा समिति | आ.ब २०७९-०८० | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सूचना अध्यावधिक गरि नीति तथा कार्यक्रममा समाबेश गर्ने । | | | | | | |
| | | ७. महिला लगायत विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्वन्धीत लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि समेत समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने व्यस्था गर्ने | महिला विकास शाखा | कार्यपालीका | महिला विकास शाखा | आ.ब २०७९-०८० देखि | | नपर्ने |
| | | | | | | | | |
| मानव संसाधन तथा क्षमता विकास २० | १३.५ | १.गाँउपालीकामा कर्मचारी तथा पदाधिकारीको क्षामता बिकासका लागि यथष्ट वजेटको बिनियोजन गर्ने | प्र.प्र.अ | कार्यपालिका | गाँउपालिका | प्रथम चौमासिक ०७९-०८० | | नपर्ने |
| | | २.कर्मचारी तथा पदाधिकारीको लै.स.सा.स सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय निति, कानुन, धोषण पत्र ,आदि सम्बन्धि अभिमुखिकरण | महिला विकास शाखा | उपाध्यक्ष | महिला विकास शाखा | दोस्रो चौमासिक | प्रशिक्षक अवशयक पर्ने | |
| | | ३.निर्वाचित जनप्रतिनिधि र कार्मचारीलाई नेपालको संबिधान, स्थानीय सरकार संचालन एन, अत्तर सरकार वित्त व्यावस्थापन ऐन, मुलुकी संहिता तथा निति तथा कार्यबिधि निर्माण प्रकृया वारे अभिमुखिकरण गर्ने | प्र.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | तेस्रो चौमासीक भित्र | प्रशिक्षक अवशयक पर्ने | |
| | | ४. विपद् व्यावस्थापन सम्बन्धि निर्णायक प्रकृयामा विपद् जोखिम समुदायाको सहभागिता सुनिश्चित गर्ने रणनिति बनाउनु पर्ने | प्र.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | | | |
| | | ५. समुदाय स्थरका महिलाको लागि कानुनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम | वडा समिति | कार्यपालिका | वडा समिति | | | नपर्ने |
| सेवा प्रवाह २० | ८ | १. महिला तथा लक्षित समुदायलाई लक्षित गरि बैकल्पिक तथा आधुनिक उर्जा सम्बन्धी कार्यक्रमहरु गर्ने | वातावरण तथा विपत् शाखा | कार्यलिका | प्राविधिक शाखा | आ ब २०७९-०८० | पर्ने | |
| | | २. महिला , गरिब निमुखा र वञ्चितिकरणमा परेका व्याक्तिहरुको स्वास्थ्य विमा गर्नको लागि उचित वजेटको व्यावस्था गरि सहजिकरण गर्ने | स्वास्थ्य शाखा | कार्यपालिका | स्वास्थ्य शाखा | | | |
| | | ३. फोहोरमैला व्यबस्थापन तथा सरसफाई सम्बन्धि समुदाय स्थरमा सचेतनामुलक कार्यक्रम संचालन गर्ने | खानेपानी तथा सरसफाई शाखा | कार्यपालिका | खानेपानी तथा सरसफाई शाखा | | | |
| | | ४. गर्भवतीलाई जोखिमयुक्त खतरा मुक्त काम नलगाउने तथा मातृ शिशु सुरक्षको लागि कार्यनिति बनाई कार्यन्वयन गर्ने | स्वास्थ्य शाखा | कार्यपालिका | स्वास्थ्य शाखा | आगामी आ.व भित्र | पर्ने | |
| | | ५. गाँउपालिकाक तथा वडा कार्यकयगरुमा स्थनपन कक्षको व्यावस्था गर्ने | स्वास्थय | कार्यपालिका | स्वास्थय शाखा | दोस्रो चौमासीक | पर्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | शाखा | | | | | |
| | | ६. सामुदायी सिकाई केन्द्को व्यावस्थापन गरि प्रभावकारी सिकाईको व्यावस्था गर्ने | शिक्षा शाखा | कार्यपालिका | शिक्षा शाखा | निरन्तर | पर्ने | |
| | | ७. योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्ने | आर्थिक विकास शाखा | कार्यपालिका | आर्थिक बिकास शाखा | निरन्तर | नपर्ने | |
| | | ८. बिपन्न बर्गलाई प्राथनिकिकरणमा राखी सुलभ पसल संचालन गर्ने | वडा कार्यालय | कार्यपालीका | वडा कार्यालय | | | |
| सुशासन तथा उत्तरदायित्व २० | १३.५ | १.महिला विकासकालागि भएका बेइजिङ्ग घोषणा पत्रका वाहवटा प्रतिवद्धताहरू का क्षेत्रमा पदाधिकारी तथा कर्मचारीको सचेताना बृद्दि गरि कार्यक्रममा समाबेश गरी कार्यान्वयन गर्ने | महिला विकास शाखा | कार्यपालिका | महिला विकास शाखा | तेस्रो चौमासीक | पर्ने | |
| | | २. गाँउपालिकाले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकार जस्ता नीति निर्माण गरि प्रभावकारी रुपमा कार्यान्वयनमा | प्र.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | निरन्तर | पर्ने | |
| | | ३. गाँउपालिकाको वार्षिक निति तथा कार्यक्रम, बजेट, योजनाहरुको अन्तमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण गर्ने | प्र. सा शाखा | कार्यपालिका | प्र.सा शाखा | निरन्तर | | |
| | | ३. गाँउपालिका द्दारा निर्माण भएका निति तथा कार्यक्रमहरुलाई स्थानिय स्तरको संचार माध्यमबाट प्रशारण गर्ने | सुचना शाखा | प्र.प्र.अ | सुचना शाखा | निरन्तर | नपर्ने | |
| | | ४. सामाजिक विकासको अनुगमन तथा मुल्याङ्कनको लागि लै.स.स.सा दृष्टिकोटबाट हेर्ने मापदंण्ड तयार गरि सिकाईलाई बार्षिक कार्यक्रमको अग्रपङ्तिमा राखी दस्तावेजिकरण गर्ने | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | दोस्रो चौमासीक | पर्ने | |
| | | ५. गाँउपालिकाको जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याउने | प्र.सा शाखा | कार्यपालिका | प्र.सा शाखा | पहिलो चौमासीक | नपर्ने | |
| | | ६.महिला विरुद्धहुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरूद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवार पदाधिकारी तथा कर्मचारीलाई अभिमुखिकरण गर्ने | महिला विकास शाखा | कार्यपालिका | महिला विकास शाखा | दोस्रो चौमासीक | पर्ने | |

## १२. निश्कर्ष

लैससासको पक्षबाट राप्ती गाँउपालकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अवस्थाको स्व मुल्याङ्कन गर्दा पालिकाको निति कानुन तथा योजनाको क्षेत्र र संस्थागत व्यवस्थाको क्षेत्र अरु क्षेत्रको तुलना कमजोर देखिएको छ। त्यस्तै गरि मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायीत्वको क्षेत्रमा तुलनात्मक रुपमा राम्रो अवस्थामा रहेको पाईयो। समग्रमा हेर्दा गाँउपालिकाको मुख्य क्षेत्र निती कानुन योजना र संस्थागत व्यवस्था क्षेत्रमा धेरै नै सुधारको आबश्यकता देखिएको छ। गाँउपालिकाले निती कानुन तथा योजनाको निर्माण तथा कार्यान्वयन सम्मको सबै चरणमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न आदिवासी जनजाती, लोपउन्मुख, सिमान्तकृत वर्ग तथा जेष्ठ नागरिकको अर्थपुर्ण सहभागिता र ति वर्गको आवश्यता पहिचान गरि आवस्यकतामा आधारित भई गर्नु पर्ने देखिन्छ। त्यसतै गाँउपालि स्थरको समिति उपसमिति तथा कार्यदलमा र समुदाय स्थरको संस्थागत संरचना को निर्णयकतहमा महिला तथा लक्षित वर्गको सहभागिताको सुनिश्चित गर्नुपर्ने देखियो।

गाँउपालिकाले आफ्नो निति, योजना तथा कार्यक्रमहरुमा केही मात्रमा महिला तथा लक्षित वर्गलाई समेट्ने गरेको छ तर पनि यो क्षेत्रमा सुधारको लागि गाँउपालिका स्तरीय लैससास रणनितिक योजना नै बनाई लागु गर्नु पर्ने देखिन्छ। मानव संशाधन तथा क्षमता बिकासको लागि गाँउपलिकाले सबै तहका पदाधीकारि तथा कार्मचारिहरुको क्षमता बिकासका कार्यक्रमहरुको वार्षिक कार्य योजना नै बनाई लागु गर्नु पर्ने हुन्छ। त्यस्तै गरि सुशासन तथा उत्तरदायीत्वको लागि पालिकाले निरन्तर रुपमा आफ्ना योजना, कार्यक्रम तथा बजेटको सार्वजानीक सुनुवाई, सामाजिक परिक्षण गर्ने तथा संचार माध्यमवाट आफ्ना क्षेत्रका सबै जनाताको पहुँचमा पुग्ने गरि प्रशारण गर्नु पर्दछ।

## १३. सुझावहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षणबाट आएको अंकभार, बिभिन्न दस्ताबेजहरुको अध्ययन, लक्षित वर्गको छलफल र सम्पुर्ण सुचकहरुको छलफलबाट लैससास पुर्ण रुपमा कार्यान्वयन गर्न देहाय बमोजिमका सुझावहरु रहेको छ।

- गाँपालिकाले प्रत्यक आ.ब को लैससास चालु आ.वको पहिलो चौमासीक सम्म गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्ने
- लैससासको अवस्थाको तथ्याङ्क संकलन, व्यवस्थापन, अभिलेखिकरण तथा अध्यावधिकिकरणलाई पालिका स्तरमा नीति, प्रविधी, कर्मचारी व्यवस्थापन गरि संस्थागत गरिनुपर्ने।
- पालिकाको योजना तर्जुमाको चरण देखि कार्यान्वयन तथा अनुगमन तथा मुल्याङ्कनको चरणमा बढि भन्दा बढि महिला तथा लक्षित बर्गको सक्रिय सहभागिता गराउनु पर्ने
- कार्यशाला गोष्ठिमा महिला पदाधिकारीहरुको प्रतिनिधित्व न्युन रहेकाले अवका दिनमा हुने यस्ता कार्यक्रममा महिला पदाधिकारीहरुको प्रतिनिधित्व सुनिश्चित गरिनु पर्ने।
- सवै विषयगत शाखाका कर्मचारी तथा पदाधिकारीहरुलाई लैससास संवेदनशील बनाउनको लागि क्षमता विकास गर्नुपर्ने।